# खानेपानी तथा सरसफाई मन्त्रालय

मन्त्रालय र मातहतका समेत ८४ कार्यालयको यो वर्ष विनियोजन रु.१३ अर्ब ४३ करोड ५ लाख, राजस्व रु.७ करोड ९६ लाख, धरौटी रु ९० करोड ७७ लाख र अन्य कारोबार रु.२२ करोड ५६ लाखसमेत रु.१४ अर्ब ६४ करोड ३४ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहत संस्था तथा समितिको बक्यौतासमेत रु.२५ अर्ब ७८ करोड ३८ लाख कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** - विगतका प्रतिवेदनमा समावेश भएका डिप ट्युबवेलको नर्म्स तयार नगरेको, ग्रामीण खानेपानी तथा सरसफाई विकास कोषको नवौं ब्याच अन्तर्गत आयोजनाको सहयोगी संस्थाहरु र उपभोक्ता समितिलाईृ भुक्तानी भएको रु.१ अर्ब १६ करोड ६ लाखको लेखापरीक्षण नगराएको सम्बन्धमा सार्वजनिक लेखा समितिबाट २०७२।६।२१ मा आईन्दा समय मै लेखापरीक्षण गर्ने गराउने निर्णय भएको र उपभोक्ता समितिबाट रु.६० लाखसम्म लागत अनुमान भएको योजनामात्र उपभोक्ता समितिमार्फत गराउन सकिनेमा तोकिएको सीमाभन्दा बढी लागत अनुमानको कार्य समेत उपभोक्ता समितिमार्फत गराएको सम्बन्धमा बढी काम नगराउन सम्बन्धितलाई सतर्क गराउन मन्त्रालयले निर्देशन दिने निर्णय भएकोमा स्थिति यथावत् छ । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **राष्ट्रिय गौरवको आयोजनाको लक्ष्य प्रगति** - मेलम्ची खानेपानी आयोजना र आयोजना कार्यान्वयन निर्देशनालयको २०७३ माघ मसान्त सम्मको अद्यावधिक भौतिक प्रगतिको स्थिति निम्नानुसार भएको देखियो:

| मेलम्ची खानेपानी आयोजना | मुख्य कार्य | शुरु लक्ष्य | माघ मसान्त सम्मको प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| | शुरुङ्ग निर्माण | २७.५८ कि.मि. | २२.६६ | ८२.१६ |
| | पानी प्रशोधन केन्द्र निर्माण | १७ करोड लिटर (१) | ८ करोड ५० लाख लि. १ | ८४.१० |
| आयोजना कार्यान्वयन निर्देशनालय | वितरण सञ्जाल सुधार प्याकेज (१–४ सम्म) | ६७० कि.मि. | ५३३ कि.मि. | ७९.५५ |
| | पानी पोखरी ट्यांकी निर्माण प्याकेज (१–४ सम्म) | ३००० देखि ९५०० घ.मी को ९ वटा | ६ को कार्य (३ वटाको प्रगति नभएको) | ८० |
| | थोक वितरण प्रणाली विस्तार प्याकेज (१–४ सम्म) | ६० कि.मि. | ३९ कि.मि. | ६५ |

मेलम्ची खानेपानी आयोजना २०५५।५६ बाट शुरु भै २०७३।७४ मा सम्पन्न गर्ने गरी कुल लागत अनुमान रु.२३ अर्ब ४५ करोड रहेकोमा हालसम्म रु.१८ अर्ब १४ करोड खर्च भै ८२ प्रतिशत भौतिक प्रगति भएको छ । हेडवर्क्स, सुरुङ्ग निर्माण, पानी प्रशोधन केन्द्र निर्माण कार्य गर्ने लक्ष्य रहेकोमा २०७३ माघ मसान्तसम्म हेडवर्क्स निर्माण २९ प्रतिशत र सुरुङ्ग निर्माण २७.५ कि.मि. मध्ये २२.६६ कि.मि. सम्पन्न भई ८२.१६ प्रतिशत प्रगति भएको छ । यस आयोजनाले २०७३ श्रावणदेखि माघसम्म ६ हजार ३०० मिटर सुरुङ्ग निर्माण लक्ष्य राखेकोमा ४ हजार ७४० मिटर मात्र निर्माण गरेको पाइयो ।

पानी प्रशोधन केन्द्रतर्फ १७ करोड लिटर क्षमताको बनाउनुपर्ने ८ करोड ५० लाख लिटरको एक प्रशोधन केन्द्र निर्माण कार्य सम्पन्न हुने क्रममा रहेको र अर्को ८ करोड ५० लाख लिटरको एक प्रशोधन केन्द्र निर्माण गर्न सम्झौता भएपनि निर्माण कार्य शुरु गरेको छैन । सुरुङ्ग खन्ने क्रममा सिन्धु–ग्याल्थुम र ग्यालथुम अम्वाथान खण्डमा कमजोर चट्टान फेला पर्नु, मेसिन उपकरण पुराना हुनु, बन्द हड्ताल भूकम्प लगायतका कारण देखाई निर्माणमा ढिलाई भएको छ ।

मेलम्ची खानेपानीको वितरण प्रणालीलाई व्यवस्थित गर्ने कार्य रु. ३० अर्ब ५९ करोड ८४ लाखको २०७३।७४ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०७३ आषाढ मसान्तसम्म रु.१० अर्ब २८ करोड ४१ लाख खर्च भएको छ । यसले थोक वितरण सन्जाल प्रणाली विस्तार ६० कि.मि.मा ३९ कि.मि., पानी ट्यांकी निर्माण ९ मध्ये ६ को ८० प्रतिशत, वितरण सन्जाल विस्तार तथा सुधार ६७० कि.मि.मा ५३३ कि.मि. कार्यसम्पन्न गरेको

छ । निर्माण स्थलमा विवाद, बन्द हड्ताल भूकम्पलगायतको कारण फोहोर पानी निष्कासन तथा व्यवस्थापन कार्य र तीन पानी पोखरी निर्माण तथा विस्तारमा ढिलाई भएको छ ।

लक्ष्यअनुसार प्रगति नभएकोले आयोजनाले २०७४ असोज सम्ममा काठमाडौ उपत्यकामा पानी वितरण गर्न थप प्रयत्न गर्नुपर्ने देखिन्छ ।

३. **खानेपानीको उपलव्धता -** सन् २०१७ भित्र सबै जनतालाई आधारभूत स्तरको स्वच्छ खानेपानी उपलब्ध गराउने राष्ट्रिय नीति रहेको छ । २०६८ को जनगणना अनुसार २२ जिल्लाको १ करोड ५ लाख ९३ हजार जनसंख्यामध्ये ९१ लाख ६५ हजार (८६ प्रतिशत) जनसंख्यालाई स्वच्छ खानेपानी उपलब्ध गराएको उल्लेख छ । उक्त २२ जिल्लामध्येको सबैभन्दा घटी कञ्चनपुर र दाङ जिल्लामा ७४ प्रतिशत र सबैभन्दा बढी दोलखामा ९७ प्रतिशत जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराएको प्राप्त विवरणबाट देखिन्छ । उक्त स्थितिलाई पुष्टि गर्ने तथ्याङ्क कार्यालयमा रहेको देखिँदैन । बाँकी ५३ जिल्लाको तथ्याङ्क प्राप्त भएन । खानेपानीको उपलब्धतालाई विश्लेषण गर्दा उक्त तथ्याङ्कप्रति आश्वस्त हुने अवस्था छैन । यस्तो अवस्थामा सन् २०१७ भित्र सबै जनतालाई आधारभुत स्तरको स्वच्छ खानेपानी उपलब्ध गराउने राष्ट्रिय नीति पूरा हुने देखिँदैन ।

## खानेपानी तथा ढल निकास विभाग

४. **सञ्चितकोष दाखिला -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा सालतमामपछि खर्च नभएको रकम फिर्ता दाखिला गर्ने व्यवस्था छ । विभागले मातहत क्षेत्रीय तथा जिल्लास्थित डिभिजन र सवडिभिजन कार्यालयबाट पुँजीगत खर्चको कन्टिन्जेन्सी २ प्रतिशतले रु.८ करोड ३७ लाख प्राप्त गरेको मध्ये खर्च नभई बाँकी रहेको रु.३७ लाख सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

५. **पार्केटिङ्ग कार्य -** विभागको कार्यालय भवन निर्माण कार्यको फ्लोरमा टिक काठबाट ६७१.६६ वर्गमिटरमा पार्केटिङ्ग गर्न रु.१३ लाखको लागत अनुमान गरेकोमा निर्माण व्यवसायीले प्रति वर्गमिटर रु.१ हजार ९ सय ५० का दरले कार्य गर्ने गरी रु.४० लाख कवोल गरेको देखिन्छ । उक्त कार्यको स्थलगत निरीक्षण गर्दा सम्झौताअनुसार पार्केटिङ्गमा टिककाठ प्रयोग गर्नुपर्नेमा सस्तो मूल्यको पार्केटिङ्ग गरिरहेको पाइयो । लागत अनुमानभन्दा फरक काम गरेकोमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

६. **असुल गर्नुपर्ने -** कार्यालयले सम्झौताका शर्तबमोजिम बिल रकम भुक्तानी गर्नुपर्दछ । खानेपानी तथा सरसफाई मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग, मेलम्ची खानेपानी विकास समिति, आयोजना कार्यान्वयन निर्देशनालय, दोश्रो/तेश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना , खानेपानी तथा सरसफाइ डिभिजन तथा सवडिभिजन ललितपुर, सुनसरी तनहु काठमाडौलगायत २४ कार्यालयले निर्माण व्यवसायीलाई मूल्यवृद्धि दिएको, लागत साझेदारीअनुसार उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम कार्यालयले व्यहोरेको, नर्म्सभन्दा बढी भुक्तानी गरेको, दोहोरो भुक्तानी लगायतका कारणहरुबाट रु.२ करोड ५२ लाख नपाउने रकम भुक्तानी गरेको देखिएको छ । नियमविपरीत भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

७. **लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद गर्न लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यो वर्ष खानेपानी तथा सरसफाई डिभिजन कार्यालय झापा, धनुषा, दोलखालगायत ४ जिल्लाको १८ योजनाको रु.१ अर्ब ८ करोड ७५ लाखको मूल लागत अनुमान स्वीकृति नगरी हालसम्म रु.२० करोड ४५ लाख खर्च गरेको देखियो । ऐनबमोजिम लागत अनुमान स्वीकृत गरेर मात्र योजना सञ्चालन तथा खर्च गर्नुपर्दछ ।

८. **आयोजनाको स्वीकृति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी आयोजना स्वीकृत गरी वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, जुम्लाले २०६६।६७ देखि धौलीगाड खानेपानी योजनाको नामबाट चन्दननाथ नगरपालिका र अन्य पाँच गा.वि.स. मा खानेपानी सुविधा पुऱ्याउन वार्षिक कार्यक्रममा रु.१० करोड ५१ लाख लागत उल्लेख गरी यो वर्ष रु.७९ लाखसमेत हालसम्म रु.१ करोड ६८ लाख खर्च गरेकोमा नियमावलीको प्रक्रिया पूरा गरी योजना स्वीकृत भएको देखिएन । तोकिएका प्रावधान विपरीत योजना स्वीकृत नगरी खर्च गर्नेलाई जिम्मेवार बनाइनुपर्दछ ।

९. **कर बीजक -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची-५ बमोजिमको ढाँचामा सिलसिलेबार नम्बर सहितको प्रिन्टेड बीजक जारी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष खानेपानी डिभिजन कार्यालय रुपन्देही, नवलपरासी लगायत ६ कार्यालयले प्रिन्टेड बिल नभएको, केरमेट भएको अवस्थामा रु.३० लाख र मेलम्ची खानेपानी विकास समितिले रु.२ करोड ४५ लाख समेत रु.२ करोड ७५ लाख मूल्य अभिवृद्धि कर भुक्तानी गरेको देखियो । उक्त मूल्य अभिवृद्धिकर सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला वा समायोजन हुनुपर्दछ ।

१०. **मौज्दात -** नेपाल सरकार (सचिवस्तर) को २०६२।११।८ को निर्णय र खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रानुसार पाइप तथा फिटिङस/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्नेमा जिल्लामा सञ्चालित खानेपानी आयोजनाहरुका लागि पाइप तथा फिटिङ्गस् खरिद गर्दा स्वीकृत वार्षिक कार्यक्रममा उल्लिखित परिमाणभन्दा बढी खरिद गर्ने साथै पुरानो मौज्दातको उपयोग नगरी पुनः मौज्दातमा रहने गरी खरिद गर्ने गरेको पाइयो । पाइप तथा फिटिङ्गस्को न्यूनतम मौज्दातको मापदण्ड तयार गरेको देखिँदैन । विभिन्न १० कार्यालयमा रु.४ करोड २२ लाखका २ लाख ५८ हजार मिटर पाइप बाँकी रहेकोमा यो वर्ष रु.२५ करोड ६३ लाख मूल्यका ८ लाख ७० हजार मिटर पाईप खरिद गरेको देखिन्छ । यो वर्षको अन्तमा ललितपुर, संखुवासभा, झापालगायत ८ कार्यालयमा रु.७ करोड १४ लाख मूल्यका ५ लाख १६ हजार मिटर पाइप मौज्दात राखेको छ । विभागको निर्णय र निर्देशनको पालना नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

११. **पाइप जडान -** योजनामा प्रयोग हुने निर्माण सामग्री नापी किताबमा प्रमाणित नभएसम्म त्यसलाई खर्च नमान्ने भौतिक योजना तथा निर्माण मन्त्रालयको २०६२।११।८ को निर्णयमा उल्लेख छ । प्राप्त विवरणअनुसार यो वर्ष खानेपानी तथा सरसफाई डिभिजन/सवडिभिजन कार्यालय काठमाडौं, भक्तपुर, झापालगायत ११ कार्यालयले रु.४ करोड ९० लाख मूल्यका ३ लाख ५९ हजार मिटर पाइप कार्यालयको जिन्सीबाट खर्च देखाए तापनि योजनामा जडान भएको पुष्टि गर्ने नापी किताब पेस गरेका छैनन् । जडान नगरी खर्च देखाउनु उचित देखिएन ।

१२. **अधुरा आयोजना -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा स्वीकृत आयोजना कार्यान्वयन गर्न लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी वार्षिक बजेट तयार गर्नुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन/सवडिभिजन कार्यालयबाट कार्यान्वयनमा ल्याएका योजनाहरुमध्ये लागत अनुमानको तुलनामा पर्याप्त बजेट विनियोजन नभएको कारण २०६८।६९ भन्दा अगाडीका शुरु भई सम्पन्न नभएका केही जिल्लाका योजनाहरुको स्थिति देहायअनुसार छ ।

रु.लाख

| जिल्ला | योजना संख्या | शुरु वर्ष | लागत अनुमान | यो वर्षसम्मको खर्च | जिल्ला | योजना संख्या | शुरु वर्ष | लागत अनुमान | यो वर्षसम्मको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| ललितपुर | १० | २०५६।५७ | ५२५५ | ३२३९ | पाँचथर | २ | २०६७।६८ | ८०९ | ४१४ |
| संखुवासभा | १२ | २०६६।६७ | ३१२२ | ७७२ | नुवाकोट | ५ | २०६४।६५ | १३१८ | ५५८ |
| भक्तपुर | ३ | २०६३।६४ | ५१६४ | १५६५ | सुनसरी | १२ | २०६५।६६ | ६६५१ | १९१३ |
| झापा | १२ | २०५६।५७ | ६६०४ | २५१९ | उदयपुर | ११ | २०६७।६८ | ३३१२ | ७३८ |
| काठमाडौं | २३ | २०६२।६३ | ७२२८ | ३४३३ | चितवन | ३ | २०५६।५७ | २९८३ | ९५४ |
| धनुषा | १८ | २०६५।६६ | ४९८४ | १०८२ | मकवनपुर | १० | २०६४।६५ | ४२३३ | २१०४ |
| खोटाङ | १२ | २०५४।५५ | ३०६० | १०२१ | डोटी | ९ | २०६४।६५ | १९८ | १२० |
| दोलखा | २० | २०६४।६५ | ३९७७ | १५३५ | कालिकोट | १२ | २०६४।६५ | ३०४१ | १२४ |
| सिरहा | ७ | २०६४।६५ | ४२९७ | ८३८ | दाङ्ग | ७ | २०६६।६७ | २००३ | २५९३ |

उपर्युक्त तालिका वमोजिम १८ जिल्लाका २०६८।६९ भन्दा अगाडी शुरु भई रु.६ अर्ब ८२ करोड ३९ लाख लागत अनुमान भएका १८८ योजना सम्पन्न भएको देखिँदैन । उक्त योजनाहरुमा यो वर्ष रु.२ अर्ब ५५ करोड २२ लाख खर्च भएको देखिन्छ। योजना शुरु भएको १९ वर्षसम्म पनि कतिपय योजना सम्पन्न नगरी खानेपानी जस्तो आधारभूत सेवा उपलब्ध गराउन नसकेको अवस्था छ । समयमै योजना सम्पन्न हुन नसक्नुमा अधिकांश कार्यालयहरुले बजेटको अभावलाई मुख्य कारणको रुपमा उल्लेख गरेका छन । समयमै योजना सम्पन्न हुने गरी बजेट विनियोजन गर्नुपर्दछ ।

१३. **भेरिएसन -** सिमाली खोला माङ्गसिमा मुहानबाट संखुवासभा खाँदवारी बजारमा खानेपानी आपूर्ति गर्न स्थानिय उपभोक्ता समिति, दोस्रो साना सहरी खानेपानी आयोजना व्यवस्थापन कार्यालय र एक निर्माण

व्यवसायीबीच २०७१।१०।१७ सम्ममा कार्य सम्पन्न गर्ने गरी रु.३४ करोड ८४ लाखको खरिद सम्झौता २०७०।२।९ मा भएको देखिन्छ । अलाइनमेन्ट परिवर्तन र प्राविधिक त्रुटिका कारण शुरुको डिजाइनअनुसार पाइपको लम्बाई तथा प्रेसर रेटिङ्ग नमिलेको, पहुच मार्ग निर्माण र फिटिङ्गको सामान छुट भएको देखाई १४.९७ प्रतिशतले वृद्धि हुने गरी तेस्रो पटक मेरिएसन स्वीकृत भई सम्झौता रकम रु.४० करोड ५ लाख कायम भएको छ । योजनाको स्थलगत निरीक्षण गर्दा उत्तर दक्षिण लोकमार्ग सडक योजनासँग समन्वय एवं सहकार्यको अभावले खानेपानी पाईप ठाउँ ठाउँमा ७ मिटरसम्म सडक विचमा पुरिएको देखिन्छ । सडक विस्तारको क्रममा पाइप टुट्फुट भई काम नलाग्ने अवस्थामा सडकमा यत्रतत्र रहेको पाइयो । पटक पटक भेरियसन जारी गर्नुपर्ने कारणहरुमा पूर्वानुमान गर्न सकिने केही पाइप तथा फिटिङ्गहरु लागत अनुमान तथा डिजाइनमा समावेश नगरेको, सर्वेक्षण डिजाइन एवं लागत अनुमान तयार गर्ने परामर्शदाताको लापरवाही एवं कमी कमजोरी रहेको, परामर्शदाताबाट प्राप्त लागत अनुमान, डिजाइन र ड्रइङ्ग यथार्थ भए नभएको पर्याप्त जाँच नगरी स्वीकृति गरेको आदि कारण रहेको देखिन्छ । डिजाइन गर्ने र स्वीकृत गर्नेलाई जिम्मेवार बनाइनुपर्दछ ।

१४. **खानेपानी मुहान विवाद -** खानेपानी नीति, २०६१, अनुसार योजना सञ्चालन गर्नुपूर्व मुहान दर्ता लगायतका कार्य सम्पन्न गर्नुपर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय संखुवासभा, जुम्लालागयत ८ कार्यालय अन्तर्गत १२ योजनाका रु.१९ करोड ६८ लाख लागत अनुमान भएका १२ योजनाको मुल विवाद भई योजना सञ्चालनमा कठिनाइ भएको छ । उक्त योजनाहरुमा हालसम्म रु.५ करोड २७ लाख खर्च भएको देखियो । मुल विवाद समाधान गरी योजना समयमै सम्पन्न गरिनुपर्दछ ।

१५. **जनसहभागिताको अंश -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा उपभोक्ता समूहले गर्नुपर्ने योगदानको बारेमा उल्लेख छ । यो वर्ष खानेपानी तथा सरसफाई डिभिजन कार्यालय ओखलढुङ्गा लगायत ७ ले ६० योजनामा रु.१८ करोड ५४ लाख मूल्यको उपभोक्ताको योगदान पूरा भएको देखिएन । नियमावलीमा व्यवस्था भए अनुसार उपभोक्ता योगदानको अंश पूरा हुनुपर्दछ ।

१६. **बजेटको सीमाभन्दा बढी खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२)मा रकम स्विकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्ने व्यवस्था छ । यो वर्ष खानेपानी तथा सरसफाई डिभिजन सिरहा, दाङलगायत ५ कार्यालयले ६१ योजनामा स्वीकृत बजेटको सीमा भन्दा रु.१ करोड ५४ लाख बढी खर्च गरेको देखियो । निर्धारित कार्यक्रममा तोकिएभन्दा बढी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१७. **संरचना निर्माण खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेटको सीमाभित्र रही तोकिएको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङले यस वर्षको स्वीकृत कार्यक्रममा कटाहा सिम्ले धारा खानेपानी तथा सरसफाइ आयोजनामा खानेपानीका संरचनाहरु निर्माण गर्न रु.५९ लाख बजेट व्यवस्था भएकोमा सो कार्य नगरी उपभोक्ता समितिको अफिस भवन, सौचालय र बाहिरी पर्खाल निर्माण गरी रु.२९ लाख उपभोक्ता समूहलाई भुक्तानी दिएको कानुनसम्मत देखिएन । कानुनको पालना नगर्नेलाई जिम्मेवार बनाइनुपर्दछ ।

## आयोजना कार्यान्वयन निर्देशनालय

१८. **मूल्य समायोजन -** आयोजना कार्यान्वयन निर्देशनालयले ठेक्का बन्दोबस्त गर्ने क्रममा मूल्य समायोजन भुक्तानी दिने प्रयोजनको लागि पेश्की समायोजन गर्ने सम्बन्धमा स्पष्ट उल्लेख नगरी ६ खरिद सम्झौता गरेको छ । यो वर्ष ती ठेक्कामा दिएको पेश्की रु.१ अर्ब १५ करोड ८ लाख कट्टी नगरी मूल्य समायोजन भुक्तानी गरेको कारण रु.१२ करोड ११ लाख बढी व्ययभार परेको छ ।

१९. **थप आर्थिक व्ययभार -** काठमाडौ उपत्यका खानेपानी वितरण सञ्जालको एक प्याकेजका निर्माण कार्यका निर्माण व्यवसायीसँग २०७३।३।१ भित्र कार्य सम्पन्न गर्ने गरी २०७१।२।२२ मा सम्झौता भएकोमा समयमा कार्य सम्पन्न गर्न नसकी विनाशकारी भूकम्प, नाकाबन्दी आदि कारण जनाई म्याद थपको लागि निवेदन दिएकोमा नेपाल सरकारलाई थप आर्थिक व्ययभार नपर्ने गरी २०७३ मार्ग मसान्तसम्म म्याद थप गरेको देखिन्छ । आयोजनाले नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने निर्णय गरेपनि छैठौ बिलबाट रु.७ करोड

८९ लाख भुक्तानी दिँदा मूल्य समायोजनबापत रु.७९ लाख  भुक्तानी दिएको पाइयो । यसरी निर्णय विपरीत भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

२०. **थोक वितरण सञ्जाल कार्य -** सुन्दरीजलबाट महांकाल चौरसम्म ९.६ कि.मि.थोक वितरण सञ्जाल प्रणाली कार्यका लागि १४०० एम.एम डायका डक्टाइल आइरन पाइप आपूर्ति तथा जडान कार्यका लागि एक निर्माण व्यवसायीसँग २०७०।५।६ मा ६०८ दिनभित्र कार्यसम्पन्न गर्ने गरी रु.९९ करोड ४८ लाखमा खरिद सम्झौता भएको देखिन्छ । उक्त सम्झौताको म्याद ५ पटकसम्म थप भई ३४ महिना २६ दिन (शुरु सम्झौताको ५८ प्रतिशत) थप भएको छ । उक्त निर्माण व्यवसायीलाई २०७३।३।३१ को पत्रबाट भल्व च्याम्बर निर्माण र जडान , रिटेनिङ्ग संरचना निर्माण तथा संरक्षण र सडक पुनः निर्माण लगायतका रु.५ करोड २६ लाखका बाँकी कार्यहरु सम्पन्न गर्नुपर्ने मिति तोकी कार्य आदेश दिएको देखिन्छ । नियमको व्यवस्था  विपरीत त्रुटि सच्चाउने अवधिमा कार्य गराउन मिल्ने देखिदैन । त्रुटि सच्चाउने  अवधिमा दिएको कार्य आदेश फिर्ता लिएको उल्लेख छ ।

२१. **बरबुझारथ सम्वन्धमा -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५५ वमोजिम  जिन्सी मालसामान जिम्मा लिने कर्मचारी सरुवा, अवकाश प्राप्त गरी कामबाट अलग हुँदा २१ दिनभित्र बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । यस निर्देशनालयवाट सरुवा, अवकाश र पदावधि समाप्त भैसकेका एक पूर्वमन्त्री, तत्कालीन आयोजना निर्देशक र काठमाडौं उपत्यका खानेपानी लिमिटेडका महाप्रवन्धकले रु.१ करोड २० लाख मूल्यका ३ सवारी साधन र  खानेपानी तथा सरसफाई मन्त्रालयका एक कर्मचारीले रु.२३ लाख मूल्यका सोभेयर मोटर र अर्का एकले रु.२ लाख मूल्यका म्याकबुक गरी जम्मा रु.१ करोड ४५ लाख मालसामानहरु फिर्ता नगरेकोले आवश्यक कार्वाही गरी फिर्ता गर्नुपर्दछ ।

## मेलम्ची खानेपानी विकास समिति

२२. **खर्च व्यवस्थापन -** सन् २००८ मा शुरु लागत अमेरिकी डलर ३१७.३ मिलियन रहेको आयोजनाको लागत २०७३ आषाढसम्म वृद्धि भई अमेरिकी डलर ३५५.४ मिलियन पुगेको छ । समिति अन्तर्गत मेलम्ची खानेपानी उपआयोजना १ को लागत रु.२३ अर्ब ४५ करोड ८७ लाखमध्ये २०७३ आषाढ मसान्त सम्म नेपाल सरकार र अन्य दातृ निकायको लगानीमा  निम्नानुसार रु. १८ अर्ब १४ करोड २४  लाख  खर्च भएको देखिएको छ ।

**हाल सम्मको खर्चको श्रोतगत र क्षेत्रगत लगानी रकमको विवरण** (रु.लाख)

| दातागत विवरण | श्रोतगत विवरण |
|---|---|
| नेपाल सरकार | ६२१७८ |
| जाइका | २६१४४ |
| ए.डी.वी. ऋण | ६६२३८ |
| नोराड | ७२२४ |
| सिडा | ७४२ |
| एन.डि.एफ. | ८१४१ |
| ए.डी.वी.प्राविधिक सहायता | ८८८ |
| अपेक ऋण | ९८६९ |
| जम्मा | १८१४२४ |

| क्षेत्रगत लगानी | हाल सम्मको जम्मा | प्रतिशत |
|---|---|---|
| मुआव्जा/क्षतिपूर्ति | ९२५६ | ५.१ |
| सामाजिक उत्थान कार्यक्रम र आयोजना सञ्चालन | ५९३२ | ३.२ |
| भौतिक संरचना निर्माण | १२१०२० | ६६.७ |
| सवारी साधन | ४०१ | ०.२ |
| परामर्श सेवा | ४३५७७ | २४.१ |
| सुरक्षा खर्च | १२३८ | ०.७ |
| जम्मा | १८१४२४ | १०० |

आयोजनाको स्रोत व्यवस्था अनुसार अधिक खर्च हुने क्षेत्र सिभिल वर्क्समा ७९.८९, परामर्श सेवामा ११.०६, सामाजिक वातावरणीय सहयोगमा ५.९३ र प्रशासनिक खर्चमा ३.१२ प्रतिशत हुने उल्लेख भएपनि मुख्य संरचनाको निर्माण खर्च भन्दा परामर्श सेवा लगायत अन्य सहायक कार्यमा अधिक खर्च भएको देखिन्छ ।

२३. **सवारीसाधन प्रयोग -** सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको ४८ औ प्रतिवेदन सन्दर्भमा छलफल हुँदा असम्बन्धित खर्च नियन्त्रण गर्ने निर्देशन दिएको छ । आयोजनाका १२ सवारीसाधन वाग्मती एकीकृत विकास समिति, क्षेत्रीय प्रशासन कार्यालय हेटौडा, प्रधानमन्त्रीको कार्यालय, काठमाडौ उपत्यका विकास प्राधिकरण र सहरी विकास मन्त्रालयमा प्रयोग गर्न दिएको पाइयो । सहरी विकास मन्त्रालयमा लगिएका

सवारी साधनहरुको मर्मत सम्भारमा आयोजनाले रु.८ लाख ८४ हजार खर्च लेखेकोछ । यस प्रकार सवारीसाधन अन्यत्र प्रयोग हुने परीपाटीमा नियन्त्रण गरी सम्बन्धितलाई जिम्मेवार बनाईनुपर्दछ ।

२४. **अतिरिक्त पेश्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२)मा पेश्की दिँदा सार्वजानिक निकायले खरिद सम्झौता रकमको बीस प्रतिशतभन्दा बढी हुने गरी दिन नहुने व्यवस्था छ । निर्माण व्यवसायी र यस समितिबीच २०७०।३।३१ मा भएको ठेक्का सम्झौतामा अतिरीक्त पेश्की दिने सम्बन्धमा व्यवस्था गरेको छैन । यस समितिले २०७०।७१ मा नै मोविलाइजेशन पेश्की बापत रु.१ अर्ब ५४ करोड ४५ लाख भुक्तानी गरिसकेको अवस्थामा निर्माण व्यवसायीको मागबमोजिम बिल नं. १८ बाट अतिरिक्त पेश्की बापत रु.२६ करोड ७८ लाख २५ हजार भुक्तानी गरेको छ । यसरी नियम विपरीत दिएको पेश्की रकमको ब्याजसहित असुल गर्नुपर्दछ ।

२५. **दाबी भुक्तानी** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५८(२) मा खरिद सम्झौताको कार्यान्वयनको सिलसिलामा उत्पन्न हुने विवाद सहमतिबाट समाधान गर्नुपर्ने उल्लेख छ । निर्माण कार्यमा विवाद उत्पन्न भएमा मैत्रीपूर्ण र सौहार्द वार्तालाप (एमिकेवल सेटलमेन्ट) गर्नुपर्ने सम्झौतामा व्यवस्था छ । टनेल हेडवर्क्सको लागि निर्माण व्यवसायीसँग रु ६२ करोड ८७ लाखमा काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा ढिलो गरी ड्रइङ्ग उपलब्ध गराएको, चट्टान खन्ने काट्ने काम सम्झौताको परिमाण भन्दा बढेको, समयमा कार्य गर्न नपाएको उल्लेख गरी निर्माण व्यवसायीले अवरोध लागत, निष्क्रिय कर्मचारी तथा यन्त्र उपकरण खर्च, वित्तिय लागत र मौज्दात लागत लगायतमा ४०८ दिनको रु.१ अर्ब २० करोड ६५ लाख क्षतिपूर्ति दाबी गरेकोमा ३४२ दिन समयावधि थप भई प्रोलोङ्गेशन लागत रु.४८ करोड १७ लाख, अवरोध लागत रु.२ करोड ८० लाख, वित्तिय लागत रु.५ करोड १० लाख र नाफा लागत रु.२ करोड ५५ लाख गरी रु.५८ करोड ६२ लाख भुक्तानी भएको छ । परामर्शदाता एवं समितिको असहमति हुँदाहुँदै सम्झौता रकमको ९८.२३ प्रतिशत क्षतिपूर्ति भुक्तानी भएको छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिन आएका छन ।

२५.१ बोलपत्र कागजातको हेडवर्क्स प्लान एण्ड लङ्गिच्युडिनल सेक्सन र ओपन कट एक्जाभेसन साउर्थन प्रोटलमा अन्तिम एक्जाभेसन प्लान निमार्ण व्यवसायीले तयार गर्नुपर्ने र खन्ने क्रममा आएको सबै प्रकारको अपवादहरुको एक्जाभेशनको अवधिमा सम्बोधन गर्ने उल्लेख छ । सो विषयलाई स्वीकार गरी निर्माण व्यवसायीले तयार गरेको ओपन कट एक्जाभेसनको ड्रइङ इन्जिनियरले स्वीकृत गरी काम भएको देखिन्छ । ड्रइङ डिजाइन निमार्ण व्यवसायीले नै बनाउने र सोहीअनुसार डिजाइन भई काम भएकोले ढिलो ड्रइङ डिजाइन तथा अपर्याप्तताका कारण देखाई सिद्धान्ततः दाबीलाई परामर्शदाताले अस्वीकार गरेको देखिन्छ । उक्त व्यहोरामा समिति समेत सहमत देखिन्छ । तर काममा प्रत्यक्ष संलग्न पदाधिकारीको असहमति रहेको र सम्झौताबमोजिम अन्तिम नक्सा तयार गर्ने जिम्मेवारी निमार्ण व्यवसायीको हुने व्यवस्थालाई इन्कार गर्दै थप दावी भुक्तानी दिएको सम्झौता प्रतिकूल देखिन्छ ।

२५.२ निर्माण व्यवसायीसँग भएको सम्झौताअनुसार हेडवर्क्स र टनेलको कुल सम्झौता रु.७ अर्ब ७२ करोड ३५ लाख मध्ये हेडवर्क्स कम्पोनेन्टको अंश रु. ६२ करोड ८७ लाख (८.१४ प्रतिशत) रहेको छ । एउटै खरिद सम्झौताको सानो अंशको कार्य मात्र रोकिएको र सम्झौताको ९१.८६ प्रतिशत अंशको काम सञ्चालन भैरहेको देखिन्छ । ठूलो अंशको कार्य संचालन भैरहँदा निर्माण व्यवसायीको स्रोत साधन उपयोगविहीन रहने अवस्था देखिँदैन । त्यसैले हेडर्वक्समा प्रयोग हुने जनशक्ति यन्त्र उपकरण पनि यही ठेक्का अन्तर्गतको अन्य काममा प्रयोग गर्न सकिने अवस्था देखिन्छ । निमार्ण व्यवसायीको कमजोरीको कारण सिर्जना भएको दायित्व समितिले व्यहोर्न मिल्ने देखिँदैन ।

२५.३ दाबी रकम निर्माण व्यवसायीलाई भएको क्षतिको पूर्ति मात्र हो । यसमा नाफा दिन मिल्न देखिँदैन । निर्माण व्यवसायीले रु.२ अर्ब ६४ करोड १६ लाखको कार्य सम्पन्न गरेकोमा रु.५ अर्ब ८ करोड १९ लाखको थप कार्य गर्न बाँकी देखिन्छ । कार्य सम्पन्न परिमाणको आधारमा नाफा आर्जन हुने अवस्था स्वतः सिर्जना हुने हुँदा रु. ५० करोड ९७ लाखको ५ प्रतिशतले भुक्तानी भएको नाफा वापतको दाबीको रु.२ करोड ५५ लाख उपलब्ध गराउन मिल्ने देखिदैन ।

२५.४ हेडवर्क्सको काम सेप्टेम्बर २०१४ देखि सेप्टेम्बर २०१५ सम्म समय लम्वीएको (प्रोलोङ्गेशन कस्ट्) र अवरोध लागत दावी गरेकोमा विवाद समाधान बोर्डको निर्णय अनुसार १४ मार्च २०१५ देखि बोर्डले निर्णय गरेको ९ जून २०१६ सम्मको लागि रु.५० करोड ९७ लाखको ८ प्रतिशतले हुने ब्याज रु.५ करोड १० लाख दाबी भुक्तानी भएको छ । निर्माण व्यवसायीले १८ अगष्ट २०१५ मा मात्र विस्तृत विवरण सहितको दाबी पेश

गरेको छ । दाबी पेश गरेको मिति पश्चात्को मात्र ब्याज गणना गर्नुपर्नेमा सो भन्दा ५ महिना पहिले देखिको ब्याज गणना गरी भुक्तानी दिएबाट रु. १ करोड ७० लाख बढि ब्याज भुक्तानी भएको छ ।

२५.५ विवाद समाधान बोर्डको निर्णयमा समितिले दावी स्वीकृत रकमको प्रकृतिअनुसार गणना गरी स्वदेशी मुद्रा र विदेशी मुद्राको अनुपात निर्धारण गरी भुक्तानी गर्ने उल्लेख छ । जस अनुसार क्षतिको रकम मध्ये स्वदेशी मुद्रामा भएको क्षति स्वदेशी मुद्रामा र विदेशी मुद्रामा भएको क्षति विदेशी मुद्रामा हिसाब गर्नुपर्नेमा सो अनुसार नगरी सम्झौतामा उल्लेख भएको विदेशी मुद्राको अनुपातको आधारमा रु.७ करोड २३ लाख (६ लाख १९ हजार ९०२ युरो) भुक्तानी भएको छ । क्षतिको आइटमहरु अध्ययन गर्दा अधिकांश स्वदेशी मुद्रासँग सम्बन्धित छन् तर सम्झौताअनुसारको अनुपातमा विदेशी मुद्रा भुक्तानी दिएकोछ । उपर्यूक्त अवस्थाहरुको विश्लेषणबाट रु. ६२ करोड ८७ लाखको काममा रु.५८ करोड ६२ लाख (९८.२३ प्रतिशत) दाबी भुक्तानी भएको सम्बन्धमा सम्बन्धित कागजात परीक्षण गर्दा भुक्तानी गर्नुपर्ने पर्याप्त पुष्ट्याँई नदेखिएको हुँदा छानबिन गरी सम्बन्धित पक्षलाई जिम्मेवार बनाउनुपर्दछ ।

## ग्रामीण खानेपानी तथा सरसफाई कोष बिकास समिति

२६. **आयोजना स्थिति –** ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समितिको नियम २०६० को उपनियम ४६(३) मा त्रिपक्षीय सम्झौताको अधिनमा रही कार्य सम्पन्न गर्ने व्यवस्था छ । सम्झौताअनुसार १० महिनामा आयोजनाको कार्यान्वयन चरणको काम सम्पन्न गर्नुपर्ने र सम्झौता भैसकेपछि शर्त पालना नगरेमा सम्झौताको अन्त्य गर्ने उल्लेख छ । नवौं ब्याचका कार्यान्वयन चरणका २११ खानेपानी स्किममध्ये म्याद थप पश्चात् १११ स्किमका खानेपानी आयोजनाको काम सम्पन्न भएको छ । वाँकी १०० स्किमको काम ०७२।७३ सम्म पनि अधुरै रहेको पाइयो । उक्त आयोजनाहरुमा रु.२२ करोड ७ लाख  खर्च भई सकेको छ । तोकिएको समयमै कार्य सम्पन्न गर्नुपर्दछ ।

२७. **आयोजना स्थगित –** समितिले उपलब्ध गराएको विवरणअनुसार नवौं ब्याच अन्तर्गतका आयोजनामध्ये रु.५ करोड ६ लाख खर्च हुने १९ आयोजना समुदायको विवाद, स्रोतको अपर्याप्तता आदि कारण  स्थगित गरेको देखिन्छ । उक्त आयोजनाहरुको लागि समितिले विगत वर्षमा रु.२ करोड ७० लाख ७४ हजार उपलब्ध गराएकोमा आयोजना सम्पन्न हुन नसकेको कारण उक्त खर्च प्रतिफलविहीन देखियो । आयोजना छनौट गर्दा पर्याप्त ध्यान नदिएको कारणले उपर्युक्त स्थिति देखापरेको हुँदा आयोजना छनौट गर्दा ध्यान दिनुपर्दछ ।

२८. **सञ्चित कोष दाखिला –** स्थगित भएका आयोजनामा समितिले बिगत बर्षमा उपलब्ध गराएको रु.२ करोड ७० लाख ७४ हजारमध्ये रु.१ करोड ५५ लाख २० हजार फिर्ता प्राप्त गरेकोमा वाँकी रकम फिर्ता भएको छैन । आयोजनामा खर्च नभै बाँकी रहेको रकम यकिन गरी फिर्ता गर्नुपर्ने देखिएको छ । उक्त रकम साबिकमा नेपाल सरकारको विनियोजन बजेटवाट खर्च भई फिर्ता भएको र समितिको बैंक खातामा रहेको देखिएकोले उक्त रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -**  यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ ६२ निकायमा रु.५ अर्ब ७८ करोड ९६ लाख १५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ अर्ब ९६ करोड ४५ लाख ३६ हजार फछ्र्यौट गरेकोले रु.३ अर्ब ८२ करोड ५० लाख ७९ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.१ अर्ब ४९ करोडा ६० लाख २८ हजार पेश्की बाँकी रहेको छ ।

  - समिति २ मा रु.२८ करोड १६ लाख ८६ हजार बेरुजू देखिएकोमा फछ्र्यौट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रु.१ लाख ५० हजार पेश्की रहेको छ ।